# मिति २०७९/०८/२५ गते आइतबार, १२९ औं कार्यपालिका बैठक

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णयका समिक्षा सम्बन्धमा ।
२. नगरसभा १२औं अधिवेशन सम्बन्धमा ।
३. संघीय तथा प्रदेश समपुरक र विशेष योजना छनौट सम्बन्धमा ।
४. भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ कार्यान्वयन सम्बन्धमा ।
५. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
६. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान संचालन अनुदान सम्बन्धमा ।
७. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
८. सवारी साधन मर्मत खर्च उपलब्ध गराउने सम्बन्धमा ।
९. बहुवर्षीय ठेक्का आव्हान सम्बन्धमा ।
१०. काचो छाला तथा हाडखोर व्यवस्थापन सम्बन्धमा ।
११. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१३. एम्बुलेन्स खरिदका लागि राजश्व छुटको सिफारिस सम्बन्धमा ।
१४. वेवारिसे मानव लास व्यवस्थापनका लागि आवश्यक खर्च वृद्धी गर्ने सम्बन्धमा ।
१५. घर नक्सा पास दस्तुर छुट सम्बन्धमा ।
१६. सरसफाई व्यवस्थापनका लागि ज्यालादारीमा हेल्पर कर्मचारी राख्ने सम्बन्धमा ।
१७. निजि तथा सामुदायिक अस्पतालको स्वास्थ्य संस्था दर्ता अनुगमन समिति सम्बन्धमा ।
१८. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको नगरसभा बाहौं अधिवेशन (हिंउदे) मिति २०७९ साल पौष १२ गते मंगलबार दिनको १ बजे आव्हान गर्ने ।

**निर्णय नं. ३**

**३.१** घोराही उपमहानगरपालिकामा आ.व. ०८०/०८१को लागि तपसिल बमोजिमका आयोजनाहरु संघ सरकारको विशेष अनुदान एवं समपुरक अनुदान सहायता अन्तर्गत सञ्चालन गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ एवं समपूरक अनुदान सम्बन्धी कार्यविधि(तेस्रो संशोधन) २०७७ को अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने ।

१. संघ विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | जनता मा.वि. बुकामा कभर्ड हल निर्माण | २ | |
| २ | तुलसीपुर चोकदेखि ट्राफिक चोकसम्म ढल सुधार तथा व्यवस्थापन | १५ | |

२. संघ समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | हरिद्वार चोकदेखि गैरागाउँसम्म सडक पिच | १७ | |
| २ | सुर्केडाँङ्गी चाँक्लीघाट सडक पिच | १ | |
| ३ | बाहुनडाँडादेखि उत्तरतर्फ दह जोडने सडक पिच | १३,१६ | |

**३.२** घोराही उपमहानगरपालिकामा आ.व. २०८०/०८१का लागि प्रदेश सरकारको समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०७८ को अनुसूची-१ तथा विशेष अनुदान कार्यक्रम कार्यविधि २०७६ को अनुसुची १ बमोजिमको ढाँचामा प्रदेश सरकारमा आयोजना माग गर्ने ।

**१. प्रदेश विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

१. वडा नं. ६ औद्योगिक ग्राम संरचना निर्माण

२. वडा नं. १४ पशु बधशालामा थप संरचना निर्माण

**२. प्रदेश समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

१. वडा नं. १७ भैसाही चोकदेखि ४ नं. वडा कार्यालयसम्म सडक पिच

२. कर्जाही, गुरुवागाउँ, गुरगैं, धारापानी सडक विस्तार

३. लखुवार रामबहादुर डाँगीको घरदेखि रुप बहादुर चौधरीको घरसम्म सडक पिच

**निर्णय नं. ४**

भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ कार्यान्वयनकालागि भूउपयोग कार्यान्वयन समितिले विस्तृत अध्ययन र छलफल गरिरहेकोले हाललाई उपमहानगरक्षेत्र भित्रका जग्गालाई वर्गिकरण गर्ने कार्य जग्गाको अन्तिम वर्गिकरण नहुँदासम्म तपसिल बमोजिमको मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने मिति २०७९।०८।२५ गते बसेको भूउपयोग कार्यान्वयन समिति बैठकको निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

१. घोराही उपमहानगरपालिका वार्ड नं. १४,१५ को भू-भागलाई आवासीय/व्यवसायीक क्षेत्र तोक्ने ।

२. लमही तुल्सीपुर सडक खण्डको ५०० मिटर दाँया बाँयाको क्षेत्रलाई आवासीय/व्यवसायीक क्षेत्र तोक्ने ।

२.२ बुदाँ नं. २ मा ५०० मिटर मापदण्ड तोकिएतापनि वार्ड १०,११ र१६ को लमही तुल्सीपुर सडकखण्डको १००० मिटर दाया बायाको आवासीय/व्यवसायीक क्षेत्र तोक्ने ।

३. शहिद मार्ग र बि.पि मार्गको २५० मिटर दाँया बाँया आवासीय/व्यवसायीक क्षेत्र तोक्ने ।

४. साबिक गाउँ ब्लक क्षेत्र,नगर विकासको आयोजनाले बस्ती विकास गरेको क्षेत्र आवासीय/व्यवसायीक क्षेत्र तोक्ने ।

५. मुख्य बस्तीहरु भित्रको जग्गा आवासीय क्षेत्र कायम गर्ने (मुख्य वस्ती भन्नाले लामो समय देखि आवासीय गरेको क्षेत्र,आधारभुत सुविधा पुगेका नयाँ बस्तीहरु )

६. उपमहानगरपालिकाको मापदण्ड भित्र बनेका पक्की सडक (पिच भएको) खण्डको १०० मि. दाँयाबाँया र बाँकी अन्य ग्राभेल तथा मोटर बाटोको सडक हकमा ५० मि. दाँया बाँया आवासीय क्षेत्र तोक्ने ।

६.१ बुँदा नं. ६ मा सडकको मापदण्ड तोकिएता पनि कृषि सडक हकमा मापदण्ड लागु नहुने ।

७. माथिका बुँदाहरुमा जे जस्ता ब्यवस्था गरिए पनि बाढी पहिरोको जोखिम क्षेत्र,वनक्षेत्र,सिमसार क्षेत्र,धार्मिक, ऐतिहासिक तथा पुरातात्विक र अन्य संरक्षित क्षेत्रलाई बसोबास क्षेत्रको रुपमा लिइने छैन ।

**जग्गा खण्डीकरणको मापदण्ड**

१. नयाँ कायम बाटोको चौडाई कम्तिमा ७ मिटर निकास सहित नेपाल सरकारको नाममा लगत कट्टा कायम गर्ने।
२. राजिनामा भई कित्ताकाट गर्दा न्युनतम ८मिटर मोहडार ८ धुर (१३५.४५वर्ग मिटर) क्षेत्रफल कायम हुनुपर्ने र कित्ताकाट भई बाँकी कित्ताको पनि न्युनतम ८ मिटर मोहडा र ८ धुर क्षेत्रफल कायम हुनैपर्ने।
३. प्लट मिलानको हकमा माथिको बुँदा आकर्षित नहुने तर प्लट मिलान भई बाँकी कित्ताको न्युनतम ८ मिटर मोहडा र ८ धुर क्षेत्रफल कायम हुनै पर्ने।
४. प्लट मिलान गरिएको जग्गाको हकमा पुनः उक्त मिलान भएका प्लटहरु एकीकरण नगरी बिक्रि गर्न पाइने छैन।
५. कुनै द्विविधा भएमा घोराही उपमहानगरपालिकाको प्राविधिकले गरेको फिल्ड प्रतिवेदन अनुसार सिफारीस गर्ने
६. प्लटिङ गर्दा प्रचलित ऐन बमोजिम गर्ने।
७. माथि उल्लेखित मापदण्ड बाहेक अन्य जग्गा कृषि क्षेत्रमा पर्ने ।

**निर्णय नं. ५**

५.१ घोराही उपमहानगरपालिका वडा नं. १७मा लैङ्गीक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दीर्घकालीन पुनःस्थापना गृहका लागि घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७७।०३।२८ गते बसेको ८७औं कार्यपालिका बैठकको निर्णयअनुसार उपलब्ध गराइएकोमा उक्त जग्गा पुनःस्थापना गृह निर्माणका लागि तोकिएको क्षेत्रमा भवन निर्माण गर्न उपर्युक्त जग्गा अपुग भएकोले उक्त जग्गासँगै रहेको साविक हरिद्वार वडा नं. ३क को कि.नं. २९० को पुरा क्षेत्रफल मध्ये ज.वि. ०-१२-० रहेको जग्गा उक्त पुनःस्थापना गृह निर्माणका उपलब्ध गराउन सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकाय सिफारिस गर्ने ।

५.२ घोराही उपमहानगरपालिका वडा नं. १२ मा रहेको प्रहरी चौकी हापुर बिजौरीलाई घोराही उपमहानगरपालिका वडा नं. १२ विजौरीडाँडामा रहेको हापुर गा.वि.स. वडा नं. ४ ख कि.नं. १२४ को जग्गा मध्यबाट उत्तरतर्फ सिमल बुटो, दक्षिणतर्फ वडा कार्यालय, उत्तरतर्फको वरको रुख, पश्चिममा बिजौरी सिंचाई कुलो र पुर्वतर्फ सार्वजनिक मोटर बाटोको चार किल्ला भित्रको अन्दाजी ०-६-० कठ्ठा जग्गा प्रहरी चौकी हापुर बिजौरीलाई भोगाधिकार दिने भनि १२ नं. वडा कार्यालय वडा समितिको मिति २०७९।०८।७ गते बसेको बैठकको निर्णय सहित वडा कार्यालयको च.नं. १२४६ मिति २०७९।०८।२५ को पत्रबाट अनुरोध भई आएकोले उक्त जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धी निकायमा सिफारिस गर्ने ।

५.३ घोराही उपमहानगरपालिका वडा नं. १२मा रहेको अन्नपूर्ण महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई स्वास्थ्य चौकी हापुर बिजौरीको दक्षिण तर्फ रहेको हापुर गा.वि.स. वडा नं. ४ ख कि.नं. १२४ को पूर्व, पश्चिम र दक्षिणमा बाटो र उत्तरमा स्वास्थ्य चौकी भवन चार किल्ला रहेको १ कठ्ठा जग्गामा उक्त सहकारी संस्थालाई भवन निर्माणका लागि जग्गा उपलब्ध गराइदिनुहुन १२ नं. वडा कार्यालय वडा समितिको मिति २०७९।०८।१६ गते बसेको निर्णय सहित वडा कार्यालयको च.नं. १२४६, मिति २०७९।०८।२५ को पत्रबाट अनुरोध भई आएकोले उक्त जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको आ.व. २०७९/०८०को जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तर्गत रहको बजेट तथा कार्यक्रममा रासि स्वास्थ्य विज्ञान प्रतिष्ठान संचालन अनुदान शीर्षकमा रकम रु. ३०,००,०००।– (तिस लाख) रकम प्रतिष्ठानले नेपाल सरकारको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ बमोजिम सुरक्षित मातृत्व कार्यक्रमलाई सहज रुपमा संचालन गर्न आवश्यक र दक्ष जनशक्ति नियुक्ति गरी सेवा संचालन गर्नका लागि उपलब्ध गराइदिनहुन भनि प्रतिष्ठानको च.नं. ९०१, मिति २०७९।०७।२१ गतेको पत्रबाट अनुरोध भई आएको साथै मिति २०७९।०७।१८ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकबाट समेत सोही व्यहोराको निर्णय भएकोले प्राप्त अनुदान प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली २०७४ बमोजिम लेखा श्रेष्ता राखी प्रचलित कानून बमोजिम लेखा परिक्षण गराई सोको जानकारी उपमहानगरपालिकालाई गराउने गरी विनियोजित रकम रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई उपलब्ध गराउने ।

**निर्णय नं. ७**

**ऐक्सल फाइलमा छ ।**

घोराही उपमहानगरपालिकाको वातावरण समितिको मिति २०७९।०८।१३गते बसेको बैठकले सिफारिस गरेका तपशील बमोजिमका ईन्जिनियरिङ कन्सल्टेन्सी मार्फत यस उपमहानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ अनुसार तयार गरिएको आई.ई.ई प्रतिवेदन स्वीकृत गर्ने।

७.२ न्यू प्लानेट इन्जिनियरिक सर्भिसेज प्रा.लि., मीन भवन, काठमाण्डौ परामर्शदाता र घोराही उपमहानगरपालिका प्रस्तावक रहेको घोराही उपमहानगरपालिका वडा नं. ६ स्थित औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने।

७.३ गोल्डफिस इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि., सुनिलस्मृति गाउँपालिका, रोल्पा परामर्शदाता र होटल सिटी प्लाजा प्रा.लि. प्रस्तावक रहेको घोराही उपमहानगरपालिका वडा नं. १७ मा निर्माण तथा संचालन हुने होटल सिटी प्लाजाको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने।

७.४ घोराही उपमहानगरपालिका माथि उल्लेखित नदीजन्य पदार्थ उत्खननका लागि IEE गरेका विभिन्न नदीघाटहरु मध्ये तपशीलका नदी घाटहरु ठेक्का आव्हान गरी विक्रि वितरण गर्ने। र बाँकी सबै क्षेत्र वडा समितिको निर्णय अनुसार नियमानुसार राजश्व तिरी स्थानीय स्तरमा उपयोग गर्ने ।

१. वालिम खोलाको ३ नं. क्षेत्र ।

२. बबई खोलाको सबै क्षेत्र ।

३. हापुरकोलाको घोराही तुलसीपुर सडक खण्डको दक्षिण तर्फ क्षेत्र नं. ४,५,६ र ७ ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु मध्ये कार्यालयबाट सवारी साधन प्राप्त नगरी कार्यालय कै कामको सिलसिलामा फिल्डमा खटिनु पर्दा आफ्नै सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुलाई सवारीसाधन मर्मतका लागि अधिकतम बढीमा एक आर्थिक वर्षमा रु.१०,०००।– (दश हजार)सम्म विल भर्पाई अनुसारको मर्मत खर्च आयोजनाको कन्टिन्जेन्सी रकमबाट उपलब्ध गराउने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट आ.व. २०७९/०८०मा सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका विभिन्न आयोजना निर्माणका लागि चालु आ.व.मा विनियोजित रकम  उक्त आयोजना सम्पन्न गर्न लाग्ने लागत अनुमान बढी हुन आएकोले उक्त योजनाहरुलाई आगामी आ.व. २०८०/०८१को बजेटबाट बाँकी रकम भुक्तानी हुने गरी वहुवर्षीय ठेक्का आह्वान गर्न स्वीकृति दिने ।

**तपसिलः**

| सि.नं. | योजनाको नाम | योजना स्थल | विनियोजन रकम | अनुमानित ल.ई.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | गैरागाउँ चोकदेखि कर्जाही चोकसम्म सडक पिच | वडा नं. १७ | १,५०,००,०००।- | रु.१,५७,५०,२८६।९६ | |
| २ | सडक विभागदेखि भिङ्ग्रेलीचोकसम्म सडक पिच | वडा नं. १५ | ५०,००,०००।- | रु.७१,५३,५९०।३२ | |
| ३ | चारकोठे भवन मा.वि धर्ना, वडा नं. ५ | वडा नं. ५ | ५०,००,०००।- | ८८,०५,३९६।७१ | |
| ४ | चारकोठे भवन मा.वि नारायणपुर वडा नं. १०, (फर्निचर सहित) | वडा नं. १० | ५०,००,०००।- | ९०,१२,४३६।०२ | |
| ५ | चारकोठे भवन मा.वि रझेना वडा नं. १८, (फर्निचर सहित) | | ५०,००,०००।- | ८८,०५,३९६।७१ | |
| ६ | चारकोठे भवन मा.वि बालहित, नयाँबजार, वडा नं. १४, (फर्निचर सहित) | | ५०,००,०००।- | १,१८,०३,८०७।२ | |
| ७ | चारकोठे भवन आधारभूत विद्यालय सवारीकोट, वडा नं. ४, (फर्निचर सहित) | | ५०,००,०००। | १,०९,६८,१७४.९६ | |
| ८ | चारकोठे भवन मा.वि.ढिकपुर वडा नं. ८, (फर्निचर सहित) | | ५०,००,०००। | ८८,०५,३९६।७१ | |
| ९ | चारकोठे भवन मा.वि.तोस, सैघा वडा नं. १९, (फर्निचर सहित) | | ५०,००,०००। | ९४,३८,६३५.२९ | |

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका वडा नं. १४ का सोमराज रैदासले काँचो छाला तथा हाडखोर संकलन गरी व्यवसाय गर्न उपर्यूक्त स्थान उपलब्ध गराइदिनुहुन भनि मिति २०७९।०७।२ गते यस कार्यालयममा निवेदन दिनु भएको, उक्त कार्यले यस उपमहानगरपालिकाको फोहोर व्यवस्थापनमा समेत सहयोग पुर्याउन देखिएकोले उक्त कार्यका लागि घोराही उपमहानगरपालिका १६ स्थित ल्याण्डफिल्ड साइट क्षेत्र भित्रको स्थान उपलब्ध गराउने। साथै निजले उद्योगका लागि आवश्यक टहरा निर्माण गर्दा लाग्ने लागत खर्चको प्राविधिक मूल्याङ्कनको आधारमा घोराही उपमहानगरपालिकाले उद्योग स्थापनाबाट ओगटेको क्षेत्रफलको आधारमा वार्षिक भाडादर निर्धारण गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८।७।१७ गते र २०७९।०८।२० गते बसेको बैठकका देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने।

११.१ घोराही उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणका लागि तपसिल बमोजिम सदस्यहरु रहनेगरी स्थानीय पाठ्यक्रम निर्माण उप-समिति गठन गर्ने।

**तपसिलः**

| | |
|---|---|
| श्री राममणि पाण्डेय | संयोजक |
| श्री जिवन गौतम | सदस्य |
| श्री निशान्त आचार्य | सदस्य |
| श्री नारायण प्रसाद पोखेल | सदस्य |
| श्री केशव थापा | सदस्य |

११.२ आर्थिक वर्ष २०७९/०८०मा दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो चरण अन्तर्गत घोराही उपमहानगरपालिका मार्फत पलम्बर र विल्डिङ इलेक्ट्रिसियन विषयमा सञ्चालन हुने कार्यगत अभ्यास सहितको तालिम सञ्चालनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त तपसिलका माध्यामिक विद्यालय छनौट गर्ने ।

**तपसिलः**

| | | |
|---|---|---|
| १. | मा.वि. रझेना घोराही १८ | पलम्बर |
| २. | बालविकास मा.वि. घोराही १४ नयाँबजार | विल्डिङ इलेक्ट्रिसियन |

**११.३** सामाजिक विकास महाशाखाबाट घोराही उपमहानगरपालिकाको आधारभूत तह(१-८)को लागि दाङ जिल्ला र घोराही उपमहानगरपालिकाको ऐतिहासिक अवस्था, परिचय, वस्तुस्थिती झल्कने विषय समावेश हुनेगरी स्थानीय पाठ्यक्रम निर्माणका सैद्धान्तिक अवधारणालाई स्वीकृत प्रदान गर्ने।

११.४ घोराही उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक कर्मचारीहरुको दरबन्दी तपसिल अनुसार कायम गर्ने ।

निर्णय नं १२

घोराही उपमहानगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०७९।०७।२२ गते बसेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने ।

**१२.१** आ.व. ०७९।८० मा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (नेपाल सरकार) संचालनका लागी रु. ५८,४८,०००। र युवा रुपान्तरणका पहल आयोजना (आई.डि.ए.) संचालनका लागि रु.२३,५१,०००। गरी कुल रु.८१,९९,०००। सर्शत अनुदानका रुपमा प्राप्त भएको हुदा सो रकमलाई वडा मार्फत प्राप्त भएका सुचिकृत वेरोजगार व्यक्तिको आधारमा बाडफाड गर्ने ।

वडा कार्यालय मार्फत संकलन भएका सुचिकृत वेरोजगार व्यक्तिको संख्या र वजेट

| वडा नं. | सुचिकृत वेरोजगार व्यक्तिको संख्या | प्राथमिकतामा परेका वेरोजगार संख्या | वजेट बाडफाड |
|---|---|---|---|
| १ | ५२ | ११ | ६०००००।- |
| ३ | ११६ | २३ | १२२९०००।- |
| ५ | १८३ | ३४ | १९०००००।- |
| ९ | ५ | १ | ५००००।- |
| ११ | १२८ | २५ | १४०००००।- |
| १२ | ३८ | ७ | ४०००००।- |
| १३ | ११ | २ | ११००००। |
| १४ | २० | ४ | २१००००। |
| १८ | ९ | २ | १०००००। |
| १९ | २१३ | ३९ | २२०००००। |
| जम्मा | ७७५ | १४८ | रु.८१९९०००। |

**१२.२** आ.व. ०७९।८० मा यस कार्यक्रमका लागि वडा कार्यलय मार्फत माग गरिएका आयोजना मध्ये सत प्रतिशत ज्याला भुक्तानी गर्न सकिने आयोजना र वडा कार्यालयहरुले संचालन गर्ने वार्षिक कार्यक्रममा समावेश आयोजनाहरु मध्येवाट ज्याला साझेदारी गर्ने गरी लागत साझेदारीमा आयोजना संचालन गर्न सकिने व्यवस्था अनुसार वडा कार्यालय मार्फत प्राप्त भएका आयोजनाहरुलाई आयोजना बैकको रुपमा तपसिल बमोजिमका आयोजनाहरुलाइ छनौट गर्ने ।

तपसिलः

| क्र.सं. | आयोजनाहरुको नाम | वडा नं. |
|---|---|---|
| १ | अठ्ठाइसे पश्चिम गल्लीमा नाला निर्माण | ०१ |
| २ | माले बाटो नाला निर्माण | ०१ |
| ३ | काडाँखुट्टी नाला निर्माण | ०१ |
| ४ | सुकाखोला नाला निर्माण | ०१ |
| ५ | आधारभूत विद्यालय सिमलतारामा शौचालय निर्माण | ०१ |
| ६ | हर्नोक बालाजुरे सडक नाला तथा तारजाली लगाउने काम | ०१ |
| ७ | साजखुट्टीदेखि सार्कीतारासम्म बाटो मर्मत | ०३ |
| ८ | रनघराभित्रि गाउँमा बाटो विस्तार | ०३ |

| | | |
|---|---|---|
| ९ | रनघरादेखि चमेरे गुफा हुदैं ठुलो ढुङ्गा जोड्ने बाटो मर्मत तथा विस्तार | ०३ |
| १० | गैराखुट्टीभित्रि गाउँमा बाटो विस्तार | ०३ |
| ११ | मसोटपुलदेखि जोगीकुट्टी सम्म जाने बाटो मर्मत | ०३ |
| १२ | शहिद नेत्रलाल अभागी पार्क निर्माण | ०५ |
| १३ | बाईसे दोवान चोक चौतारी निर्माण | ०५ |
| १४ | डाँगीगाउदेखि रज्जेमन्नामे सडक तारजाली तथा नाला निर्माण | ०५ |
| १५ | कप्तानचोक चौपारी निर्माण | ०५ |
| १६ | ठूलोगाउँ जाने सडक तारजाली लगाउने | ०५ |
| १७ | नैनवारटोल नन्दलालको घरनेर बाटोमा तारजाली लगाउने | ०५ |
| १८ | त्रिवेणी मतमुरी वारी छेउछेउदेखी वर्का रम्सैया हुदैं माघु चौधरीको फर्निचर हुदैं तेघराजोड्ने बाटो मर्मत | ०९ |
| १९ | बुद्धि बहादुर घर्तिको घरदेखि खेतरुवा जोड्ने बाटो मर्मत तथा नयाँ ट्याक निर्माण | ०९ |
| २० | बकुलाही बाटो मर्मत | ०९ |
| २१ | घोराही ११ चाँचलादेखि हात्रीसूर्य सम्म बाटो मर्मत | ११ |
| २२ | खुमकोटदेखि चाचलासम्म बाटो मर्मत | ११ |
| २३ | पालुथान टोल विकास संस्थादेखी काप्रेदह सम्म बाटो मर्मत | ११ |
| २४ | बाँसगजेरीदेखी काप्रेदहसम्म बाटो मर्मत | ११ |
| २५ | घोराही ११का विभिन्न सडकहरु तथा विद्यालयहरुमा झाडी र नाला सरसफाई | ११ |
| २६ | पालुथानदेखी खुमकोटसम्म बाटो मर्मत | ११ |
| २७ | गायत्री टोलको वर पिपलदेखि डाँडागाउ जाने सडकककको दायाँ वायाँ नाला कटिङ | १२ |
| २८ | वोटानिकल गार्डनमा सरसफाई | १२ |
| २९ | डाडागाउँ वडा कार्यालय हुदैं पेदा वसपार्क पुग्ने सडक मर्मत | १२ |
| ३० | कालापदरा सोतामा वाल निर्माण | १२ |
| ३१ | तल्लो आखिपुर थारु गाउँ आदिपुरे कूलामा वाल निर्माण | १२ |
| ३२ | गुरुवाघरेलीदेखि सेवारखोला शवदाह स्थल जाने बाटो मर्मत तथा नाला निर्माण | १३ |
| ३३ | दिपज्योति टोल र सिज स्वर्ग टोलमा भएको चिल्ड्रेनपार्क वरिपरिको बाटोमा नाला निर्माण | १३ |
| ३४ | वनगाउँ पश्चिमवारीको अधुरो बाटोलाई निरन्तरता दिने | १३ |
| ३५ | नव निर्माणधिन वडा कार्यालय भवनको वरिपरि झाडी सफाई | १३ |
| ३६ | सेवार वरैयादेखि लाहुरेडाडा सम्मको पक्की नाला सफाई | १३ |
| ३७ | कोसेली खाजा घरदेखि ज्ञानज्योति स्कुलसम्मको बाटोमा नाला निर्माण | १३ |
| ३८ | भ्यूडरदेखि आग्रीटोल हुदैं लिलाजित नेपालीको घरसम्म एकतर्फी नाला निर्माण | १३ |
| ३९ | कपासिबगिया टोलमा अन्दाजी २५० मिटर नया बाटो निर्माण गर्ने | १४ |

| | | |
|---|---|---|
| ४० | लखन पार्कमा फुल बाटिका तयार गर्ने | १४ |
| ४१ | सार्वजनिक स्थलहरुमा फुल तथा वृक्षा रोपन गर्ने | १४ |
| ४२ | १४ नं वडामा रहेका अन्दाजी २००० मिटर नाला निर्माण मर्मत तथा सफाई गर्ने | १४ |
| ४३ | खोलीगाउ सुन्दरनगर कपासी बगिया, रामनगर र ढोडेनी टोलमा नाला बाटो मर्मत तथा सफाई गर्ने | १४ |
| ४४ | १४ नं वडामा रहेका नाला बाटो र बस्तीमा रहेको झाडी सफाई गर्ने | १४ |
| ४५ | अमीलिया तल्लो बयालिकोट बाटो निर्माण | १९ |
| ४६ | नयाँबस्ती स्याला छहरा कुलो हुदैं कोल पेल्ने बाटो निर्माण | १९ |
| ४७ | बोल्दी हुदैं वडा कार्यालय जोड्ने बाटो स्तरोेउन्नती | १९ |
| ४८ | नयाँपानी प्रा.वि. लिथान हुदैं लिथान गाउँ सम्म बाटो निर्माण | १९ |
| ४९ | घनश्याम बल बहादुर स्मृति लोकमार्ग अन्तर्गत मपुल दम्तीडाडागाउ बाटो निर्माण | १९ |
| ५० | अम्रैगैरा भयरथान हुदैं अमिलडाडाँ बाटो निर्माण | १९ |
| ५१ | थकालीकोट हुक्के पिरा बाटो निर्माण | १९ |
| ५२ | श्रीचौर लेख गलेना मौलाकोट हुदैं घोराही जोड्ने बाटो निर्माण | १९ |
| ५३ | पलासे कोहलबन बाटो निर्माण | १९ |
| ५४ | सातम घुर्चे भयरथान अरङखोला बाटो निर्माण | १९ |
| ५५ | छाप धपाले कालीमातीडाडाँ हुदैं होडबाङ जोड्ने बाटो निर्माण | १९ |
| ५६ | खोलीगाउ आकाशे पानी सङकलन पोखरी निर्माण | १९ |
| ५७ | तल्लो गोठीबन बाटो निर्माण | १९ |
| ५८ | बोल्दी बरखोला जुगेपानी बाटो निर्माण | १९ |
| ५९ | छहरे देउकोट बाटो निर्माण | १९ |
| ६० | पर्टिन्जा मौरीधारा गोयलचौर बाटो निर्माण | १९ |
| ६१ | पाँचपोखरी शिव मन्दिर निर्माण | १९ |
| ६२ | पाँचपोखरी चर्च भवन निर्माण | १९ |
| ६३ | पर्टिजा खर्कुल बाटो निर्माण | १९ |
| ६४ | तिर्साङ अधुरो चर्च भवन निर्माण | १९ |
| ६५ | पिपलडाँडा हुदैं रागु बस्तीसम्म बाटो निर्माण | १९ |
| ६६ | छरछरे ओरला सिचाई योजना | १९ |
| ६७ | नयाँपानी मपुल खानेपानी योजना | १९ |
| ६८ | बोल्दी पाँचपोखरी बाटो निर्माण | १९ |
| ६९ | लेख गलेना दुइखोली बाटो निर्माण | १९ |
| ७० | कटुवाखोला पाखापानी ढुङगेघर सिचाई कुलो निर्माण | १९ |
| ७१ | मा.वि. हाडबाङबाट थुनीखोला हुदैं पिपलडाँडा बाटो निर्माण | १९ |
| ७२ | सुनालीथान मन्दिर हुदैं मपुल गाउँ जोड्ने सडक निर्माण | १९ |

**१२.३** बेरोजगार निवेदनको दाचा अनुसार सम्पुर्ण विवरण पेश गरि वडा कार्यालय मार्फत निवेदन दिएका कुल ७७५ जना व्यक्तिहरुलाई वेरोजगारको रुपमा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत गर्ने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका वडा नं. १६को आ.व. २०७९/०८०को वडा स्तरीय बजेट तथा कार्यक्रममा एम्बुलेन्स खरिदका लागि रु. १५,००,०००।– (पन्ध्र लाख) विनियोजन गरिएको र एम्बुलेन्स खरिदमा राजश्व छुटको सिफारिस गरिदिनुहुन भनि १६ नं. वडा कार्यालयको च.नं. १५९३, मिति २०७९।०८।०६ गतेको पत्रबाट अनुरोध भई आएकोले एम्बुलेन्स खरिदमा लाग्ने राजश्व रकम छुटका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाण्डौमा सिफारिस गर्ने ।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखा अन्तर्गत कार्यरत स्वीपर पदमा कार्यरत कर्मचारीहरुले नगरभित्र वेवारिसे मानव लास व्यवस्थापनका लागि यस उपमहानगरपालिकाबाट उपलब्ध गराइदै आएको व्यवस्थापन खर्च ज्यादै कम रहेकोले वृद्धि गरिपाउ भनि मिति २०७९।०७।२८ गते यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँहरुलाई आ.व. २०७९/०८०देखि लागूहुने गरी वेवारिसे लास व्यवस्थापनको लागि रकम रु ८,०००।– (आठ हजार) घोराही उपमहानगरपालिकाबाट उपलब्ध गराउने ।

**निर्णय नं. १५**

**१५.१** रोल्पाली समाज सेवा दाङले घोराही उपमहानगरपालिका वडा नं. १३ मा कि.नं. ८९५, १५४५ अन्तर्गत क्षेत्रफल १२९।६६ मा भवन निर्माण गर्दा लाग्ने घर नक्सा पास दस्तुर रकम रु. १६४६४।७१(सोह्र हजार चार सय चौसठ्ठी रुपैया एकहत्तर पैसा) छुट दिने ।

**१५.२** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीले आफ्नो सेवा विस्तार र शैक्षिक कार्यक्रमहरु संचालनका लागि आवश्यक पर्ने ४२६४।५७ वर्ग मिटरको ४०० वेड क्षमताको ७ तले अस्पताल भवन निर्माण गर्न लागेकोले उक्त भवन निर्माणका लागि नक्सा पास दस्तुर छुट गरिदिनुहुन भनि प्रतिष्ठानको च.नं. ८६३, मिति २०७९।०७।१७ गतेको पत्रबाट अनुरोध भई आएकोले प्रतिष्ठानलाई उक्त भवन निर्माणका लागि लाग्ने कुल नक्सा पास दस्तुरमा ५०% छुट दिने ।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापनमा प्रयोग भएका गाडीहरुमा हेल्परको अभाव भई सरसफाई व्यवस्थापनमा समस्या हुने भएकोले ३ जना हेल्पर कर्मचारी दैनिक ज्यालादारीमा राख्ने निर्णय सरसफाई वातावरण तथा विपद व्यवस्थापन शाखाको मिति २०७९।०४।२६ गतेको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिकाको स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ को दफा २ खण्ड क सँग सम्बन्धीत स्वास्थ्य संस्थाको पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतको प्रयोजनको लागि अनुगमन समितिका संयोजक तथा अन्य सदस्य घोराही उपमहानगरपालिकामा नभएको अवस्थामा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा अन्य सरकारी अस्पतालबाट माग गर्ने

**निर्णय नं. १८**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको निम्न शिर्षकबाट उपलब्ध गराउने ।

| क्र.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | कमल नेपाली<br>वडा नं. १७ | १५,०००।- | सामाजिक सुरक्षा | दाहसंस्कार तथा क्रियाखर्च |
| २ | पिम बहादुर सुनार<br>वडा नं. ६ | २५,०००।- | सामाजिक सुरक्षा | एम्बुलेन्स भाडा |
| ३ | जगत पाण्डे<br>वडा नं. १ | २५,०००।- | सामाजिक सुरक्षा | काजकृया खर्च |
| ४ | मिनादेवी बुढा<br>वडा नं. १ | २०,०००।- | सामाजिक सुरक्षा | औषधी उपचारका लागि |
| ५ | निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल, घोराही । | १,००,०००।- | अन्य संस्था सहायता | प्याब्सन घोराही रनिङ शिल्ड संचालनका लागि |
| ६ | हर्क बहादुर नेपाली<br>वडा नं. ८ | १५,०००।- | सामाजिक सुरक्षा | औषधी उपचारका लागि |
| ७ | डोल बहादुर बि.क<br>वडा नं. १२ | १०,०००।- | सामाजिक सुरक्षा | औषधी उपचारको लागि |
| ८ | दलित सेवा समाज, जिल्ला शाखा कार्यालय तुलसीपुर, दाङ | २०,०००।- | अन्य संस्था सहायता | कार्यशाला गोष्ठी तथा संघको केन्द्रीय अधिवेशन सञ्चालनका लागि |
| ९ | श्री योगी आदित्यनाथ फाउण्डेशन तुलसीपुर १७ दाङ । | २,५०,०००।- | श्री योगी आदित्यनाथ फाउण्डेशन (पराल खरिद) | सार्वजनिक चौपाया गाई संरक्षणका लागि |